HIMILAYAN DARPAN - 7th MAY 2019 (Tuesday)

# चुङथाङ-मगन सडक बन्द



**गान्तोक, ६ मई (निसं):** केही दिन अघिदेखि निरन्तर परेको पानीले राज्यको विभिन्न स्थानमा क्षति पुऱ्याएको छ। यसै क्रममा उत्तर जिल्लाको विभिन्न सडकमा पैहो र ढुङ्गा झरेपछि यातायात केही समयको निम्ति ठप्प भएको थियो। यसरी नै उत्तर जिल्लामा पिउने पानीको मुख्य स्रोत नै भत्काएपछि यसलाई पुनःव्यवस्था गर्न दिनभरि लागेको थियो। विशेष गरेर चुङथाङ मंगन सडकबीच ठूलो ढुङ्गा झरेपछि यातायात पूर्णरूपमा बन्द भएको थियो। तर केही समयपछि सम्वन्धित निकायको सक्रियतामा ढुङ्गा हटाउने कार्य सम्पन्न भए तापनि अहिलेसम्म सानो वाहनहरूलाई मात्र छिर्ने अनुमति दिएको छ।

स्थानीय प्रशासनले मानिसहरूलाई यातायात गर्दा सावधान अप्नाउनु पर्ने सुझाव दिएको छ। कुनै पनि समयमा पैहोले मानिसको ज्यान लिन सक्ने कुरालाई ध्यानमा राख्दै सावधानी अप्नाउनु पर्ने अपील गरेको छ।

यातायातलाई सुचारू बनाउन ग्रेफका अधिकारीहरूले सक्रियरुपमा खटिरहेका छन्। यसरी नै उत्तर जिल्लाको अन्य सडकमा पनि केही समस्या देखापरेको छ।